**आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका :** **वैठक मितिः- २०८२/०३/०८** **वैठक संख्याः-१८**

आज मिति २०८२ साल असार ८ गते आइवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | लेखा शाखा प्रमुख | श्री विनोद खत्री | |

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. आयोजनाहरुको म्याद थप सम्वन्धमा

२. राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रमको खर्च रकम भुक्तानी सम्वन्धमा

३. गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता शुल्क भुक्तानी सम्वन्धमा

४. नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको प्रस्ताव तयारीको परामर्श सेवाको रकम भुक्तानी सम्वन्धमा

५. जिविको पार्जन सुधारका लागि आर्थिक सवलिकरण कार्यक्रम सम्वन्धमा

६. आर्थिक सहायता सम्वन्धमा

७. अठाह्रौ गाउँसभामा नीति तथा कार्यक्रम पेश गर्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले उपभोक्ता समितिहरुको आवेदन र योजना शाखाको टिप्पणी वमोजिम २०८२ असार २० गते सम्मको लागि म्याद थप गर्ने ।

| क्र. सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | गोगने माङखिम सडक निर्माण आमचोक-६ | २०८२।०२।२५ | स्काभेटर मेसिन समयमा नपाएको । |
| २ | चण्डिथान पिक्निक स्पोर्ट निर्माण आमचोक-६ | २०८२।०२।१५ | लागत अनुमान अनुसार समयमा समान नपाएको । |
| ३ | कफि खेति पर्वद्धन कार्यक्रम आमचोक-९ | २०८२।०२।१५ | मौसम अनुकुलता नभएको । |
| ४ | जल्केनि खानेपानि लिफ्टिङ आमचोक-९ | २०८२।०२।२५ | लागत अनुमान अनुसार समयमा सामाग्री नपाएको । |
| ५ | कालिमाटि खानेपानि लिफ्टिङ आमचोक-८ | २०८२।०२।२५ | लागत अनुमान अनुसार समयमा समाग्री नपाएको । |
| ६ | वुङसुराङ्ग देखि वाराताङ्ग कटहरे सडक मर्मत आमचकोक -६ | २०८२।०२।२५ | स्काभेटर मेसिन समयमा नपाएको । |
| ७ | मार्जिताङ मखुवा दारेगौडा सडक मर्मत तथा निर्माण (कार्किछाप खण्ड) आमचोक-१० | २०८२।०२।२५ | स्काभेटर मेसिन समयमा नपाएको । |
| ८ | सैलाम सागुरी सडक मर्मत | २०८२।०२।२५ | दक्ष मिस्त्रीको अभाव । |

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आमचोक गाउँपालिकाको १० वटै वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको लागि आमचोक गाउँपालिकाको ३ स्थानमा जिल्ला प्रशासन कार्यालय र पञ्जिकरण शाखा मार्फत राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम सम्पन्न भएको र सो कार्यमा भएको जम्मा खर्च रकम रु.७०,०००।(अक्षेरुपी सत्तरी हजारमात्र) नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई गाउँपालिका राष्ट्रिय महासंघको पत्र वमोजिम वार्षिक सदस्यता शुल्क वापतको रकम रु. रु.३०,०००। (तीसहजार मात्र) नेपाल सरकार राजश्व अनुदानको विविध खर्च शिर्षकवाट भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत ०८२।३।८

गाउँ कार्यपालिकाको कार्यालय, बालुवा, भोजपुर २०७३

०८२।३।८
अशोक राई
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भई विराटनगर निवासी ई.निरज दाहालवाट नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको अन्तिम प्रस्ताव तयारीको लागि परामर्श सेवा लिइ प्रस्ताव तयार गरी पेश गरिएको र पेश गरिए वमोजिम प्रस्ताव स्वीकृत भइ हाल मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय विराटनगर र आमचोक गाउँपालिका वीच किवी पकेट कार्यक्रम सञ्चालन गर्नको लागि सम्झौता समेत भइसकेकोले परामर्श सेवा वापतको रकम रु.५०,०००।(पचासहजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई सामाजिक बिकास मन्त्रालय कोशी प्रदेशको च.नं. १८६५, मिति २०८२/२/२ को पत्र अनुसार अपाङ्गता भएका व्यक्तिहरुको जिबिकोपार्जन सुधारका लागि आर्थिक सबलिकरण कार्यक्रम संचालन गर्नका लागि रु ९५,८९० (अक्षेरुपी पन्चानव्वे हजार आठ सय नब्बे रुपैया) बजेट आमचोक गाउँपालिकामा प्राप्त भएको हुनाले यस कार्यक्रमका लागि १५ जना अपाङ्गता भएका व्यक्ती र परिवारका सदस्यहरुले आबेदन फम भरेको मध्येबाट कार्यक्रम संचालन प्रकृयामा बढिमा ५ जना सम्म लाई मात्र दिन मिल्ने भएकाले तपशिल वमोजिमको व्यक्तीहरुलाई कार्यविधी अनुसार तपशिल वमोजिमको व्यवशाय गर्ने गरी रकम भुक्तानी दिने ।

**तपशिल**

| क्र:स | नाम,थर | ठेगना | कार्यक्रम | रकम रु. |
|---|---|---|---|---|
| १ | दल बहादुर मगर | आमचोक–७ | मुढा बुनाइ | १९१७८ |
| २ | तिर्थ बहादुर मगर | आमचोक–८ | मुढा बुनाइ | १९१७८ |
| ३ | मोहन कुमार बिष्ट | आमचोक–१ | फर्निचर निर्माण | १९१७८ |
| ४ | दिर्घ वहादुर राई | आमचोक–१० | मुढा बुनाइ | १९१७८ |
| ५ | संगीता राई | आमचोक–४ | मुढा बुनाइ | १९१७८ |
| | जम्मा | | | ९५८९० |

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आवश्यक कागजात र वडा कार्यालयको सिफारिस वमोजिम तपशिल वमोजिमको व्यक्तिहरुलाई नेपाल सरकार राजश्व अनुदानको अन्य सहयता शिर्षकवाट आर्थिक सहायता उपलव्ध गराउने ।

- आमचोक गाउँपालिका वडा नं. १ निवासी बिष्णु कार्कीको छोरा बर्ष ८ को मोहन कार्कीको मिति २०८२/०१/०४ गतेका दिन लडेर हात भाचिएकोले वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारको लागि आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयको सिफारिस र अस्पतालको भर्ना अभिलेख बमोजिम रु. १०,०००।-(दशहजार)आर्थिक सहायता उपलब्ध गराउने ।
- आमचोक गाउँपालिका वडा नं. १ निवासी लगन माया दमाईको पेटमा समस्या भएकोले थप उपचार गर्नुपर्ने भएकोले आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयको सिफारिस र अस्पतालको भर्ना अभिलेख बमोजिम रु. १०,०००।-(दशहजार) आर्थिक सहायता उपलब्ध गराउने ।
- आमचोक गाउँपालिका वडा नं. ९ निवासी लाल बहादुर नेवारको नातिनी बौचा नेवारको १७ बर्षीय छोरी तेज कुमारी श्रेष्ठ मिति २०८२/०२/०४ गतेका दिन दुधकोशी बगुवाघाटमा डुबेर मृत्यु भएकोले पोष्टमार्टम गर्न वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा लगेको तर बौचा नेवारको आर्थिक अवस्था कमजोर भएको भनि वडा कार्यालयको सिफारिस र पोष्टमार्टम रिपोर्ट र प्रहरी सर्जमिन मुचुल्का बमोजिम रु. २५०००।-(पच्चिसहजार) आर्थिक सहायता उपलब्ध गराउने ।
- आमचोक गाउँपालिका वडा नं. ५ निवासी जित बहादुर बस्नेतको मिति २०८२/०१/०३ गतेका दिन घरमा आगलागी भइ पूर्णरुपमा घरभित्र रहेको सम्पूर्ण सर-समान क्षति भएको साथै अन्दाजी २ बर्ष ७ महिनाको मनिष बस्नेत नाम गरेको छोराको आगलागीमा परी मृत्यु भएकोले पोष्टमार्टम गर्नको लागि वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएकोले नीजको परिवारको आर्थिक अवस्था अति कमजोर रहेको भनि वडा कार्यालयको सिफारिस, प्रहरी सर्जिमिन मुचुल्का र अस्पतालको पोष्टमार्टम रिपोर्ट बमोजिम रु. २५०००।-(पच्चिसहजार) आर्थिक सहायता उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८२/३/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाल्टा, भोजपुर २०७३

०८२/३/८

अशोक राई अध्यक्ष

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई मिति २०८२/३/१० मा हुन गैरहेको अठाह्रौ गाउँसभामा तपशिल वमोजिमको नीति,कार्यक्रम तथा अन्य आवश्यक निर्णयहरु स्वीकृत गरी पेश गर्ने ।

**तपशिल**

**निर्णय नं ७.१**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी अठाह्रौं गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.२**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक -२०८२ स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.३**

आ.व.२०८२/०८३ को आमचोक गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.४**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को कुल प्रस्तावित आम्दानीलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.५**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को नेपाल सरकार राजस्व अनुदान चालुखर्च अन्तर्गतका कार्यक्रमहरू स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.६**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को नेपाल सरकार वित्तीय समानिकरण अनुदानको योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो

**निर्णय नं ७.७**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ प्रदेश सरकार वित्तीय समानिकरणअनुदानको योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो

**निर्णय नं ७.८**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को प्रदेश सरकार सवारी साधन कर अनुदानको योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.९**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को आन्तरिक राजश्व अन्तर्गतको योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१०**

आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को अ,ल्या, अन्तर्गतको योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत　२०८२/३/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८२/३/८　अशोक राई अध्यक्ष

**निर्णय नं ७.११**
आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना तथा कार्यक्रमलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१२**
आमचोक गाउँपालिकाको आ.व. २०८२/०८३ को कुल प्रस्तावित हस्तान्तरित सशर्त र विशेष अनुदानको बाँडफाँडलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१३**
आमचोक गाउँपालिकाको आ.व. २०८२/०८३ को कुल प्रस्तावित शसर्त चालु,शसर्त पुजिगत र समपुरक अनुदान रकम बाँडफाँडलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१४**
आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को पूँजिगत वजेटलाई विषयगत/क्षेत्रगत रुपमा स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१५**
आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को पूँजिगत वजेटलाई गाउँपालिका स्तरिय र वडा स्तरिय गरी स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१६**
आमचोक गाउँपालिकाको आ.व.२०८२/०८३ को अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको वजेट तथा कार्यक्रमलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१७**
आमचोक गाउँपालिकाको क्षेत्रभित्र आ.व. २०८२/०८३ को लागि तालिम र गोष्ठीमा खर्च गर्ने मापदण्ड स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१८**
आ.व. २०८२/०८३ को लागि आमचोक गाउँपालिकादेखि प्रदेश सरकार र संघीय सरकारलाई योजनाहरु माग गर्न अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.१९**
आमचोक गाउँपालिकाको आ.व. २०८१/०८२ को न्यायिक समितिको प्रतिवेदनलाई अनुमोदन गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.२०**
आमचोक गाउँपालिकाको आ.व. २०८१/०८२को अनुगमन तथा सुपरवेक्षण समितिको प्रतिवेदनलाई स्वीकृत गरी अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.२१**
आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखा परिक्षण वेरुजु फर्छौट प्रतिवेदनलाई स्वीकृत गरी मलेप डोर समक्ष वेरुजू फर्छौटको लागि अठाह्रौं गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

अशोक राई
अध्यक्ष